# स्थानीय राजपत्र

## वनगाड कुपिण्डे नगरपालिकाद्वारा प्रकाशित

संख्याः १ खण्डः ९ प्रकाशन मितिः २०८३।०१।१७

## भाग – २

**वनगाड कुपिण्डे नगरपालिका भित्र रहेका सामुदायिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८३**

नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०१/ १७
प्रमाणिकरण मितिः२०८३ /०१/१७

<u>प्रस्तावनाः</u> जनसाङख्यिक संरचनामा आएको परिवर्तन, तीव्र सहरीकरण, सडक यातायातको सञ्जालमा भएको वृद्वी, ठूला र आवासीय विद्यालयप्रतिको आकर्षण बढ्दै गएकाले सार्वजनिक विद्यालयमा आधारभूत पूर्वाधार विकास, दक्ष विषयगत शिक्षकको प्रबन्ध, सिकाई वातावरणको सुनिश्चतता गर्दै त्यस्ता विद्यालयको सुदृढीकरण गर्न दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन एवम् एकीकरण अर्थात विद्यालयको कक्षा / तह मिलान(घटुवा) गरी शिक्षामा बालबालिकाको समतामुलक पहुँच सुनिश्चितता गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सार्वजनिक विद्यायल समायोजन एवम् एकीकरण कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसुची ८ र स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ११ (२) को (ज) मा भएको आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारलाई व्यवस्थित गर्न वनगाड कुपिण्डे नगरकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

**१.संक्षिप्त नाम र प्रारम्भ** (क) यस कार्यविधिको नाम सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेसम्म यस कार्यविधिमा,

(क) केन्द्र भन्नाले शिक्षा तथा मानवस्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(ख) मन्त्रालय भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ सो शब्दले प्रदेशको शिक्षा हेर्ने मन्त्रालय समेतलाई जनाउँछ ।

(ग) कार्यक्रम भन्नाले सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन गरिने कार्यक्रम सम्झनु पर्छ ।

(घ) समिति भन्नाले दफा ३ (क) बमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।

(ङ) विद्यालय भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृत प्राप्त सामुदायिक वा सार्वजनिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(च) कार्यालय भन्नाले वनगाड कुपिण्डे नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(छ) शाखा भन्नाले वनगाड कुपिण्डे नगरकार्यपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखालाई जनाउछ ।

(ज) समायोजन तथा एकीकरण भन्नाले भौगोलिक दुरी कारण शिक्षामा बालबालिकाको पहुँच कम हुन नदिई प्रत्येक व्यक्तिले प्रचलित कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हकको संरक्षणलाई सुनिश्चितता गरी दुई वा दुई भन्दा बढी विद्यालय वा विद्यालयका तह वा कक्षा आपसमा गाभेर सार्वजनिक विद्यालयमा समायोजन एवम् एकीकरण वा स्थापना गर्ने कार्यलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि मार्गनिर्देशन सम्बन्धी व्यवस्था

**<u>३. निर्देशक समितिः</u>** (क) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि मार्गनिर्देशन, सहजीकरण एवम् समन्वय गर्न एक निर्देशन समिति रहनेछ ।

(ख) उपदफा (क) बमोजिको समितिको गठन देहाय बमोजिम हुनेछः

(अ) नगरपालिकाको नगर प्रमुख – संयोजक

(आ) नगरपालिकाको नगर उपप्रमुख – सदस्य

(इ) सामाजिक विकास समिति संयोजक - सदस्य

(ई) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(उ) सम्बन्धित वडाको वडाअध्यक्ष – पदेन सदस्य

(ऊ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(ग) सम्बन्धित क्षेत्रका विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(घ) समितिको बैठक आवश्यकता अनुसार नगरपालिकाको कार्यालयमा बस्नेछ ।

(ङ) निर्देशक समितिले आवश्यक ठानेमा प्राविधिक उप समिति गठन गर्न सक्नेछ ।

**<u>४. समितिको काम कर्तव्य र अधिकारः</u>** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय समायोजन तथा एकीकरणको लागि मार्गनिर्देशन गर्ने,
(ख) कार्यक्रम कार्यान्वयनको लागि संघ, प्रदेश र सम्बन्धित पक्षसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,
(ग) कार्यक्रम कार्यान्वयनको लागि योजना निर्माण गरी कार्यान्वयन गर्ने,
(घ)कार्यक्रम कार्यान्वयनको लागि बजेटको व्यवस्थापन गर्ने,
(ङ) कार्यक्रमको नतिजामुलक अनुगमण तथा प्रगति समीक्षा गर्ने,
(च) दफा ७ को (क) उल्लेख गरिएका कार्यहरु ।

## परिच्छेद -३

## विद्यालय समायोजन तथा एकीकरणका आधारहरु

**<u>५. विद्यालय समायोजन तथा एकीकरणका आधारहरुः</u>** विद्यालय समायोजन तथा एकीकरणका आधारहरु देहाय बमोजिम हुनेछनः

**(क) विद्यालय आवत जावत गर्न लाग्ने समयः** विद्यालयहरुवीचको दुरी २ किलोमिटर भन्दा कम भई आधा घण्टा भन्दा कम पैदल यात्राको समय लाग्ने भविष्यमा स्कूल बस प्रयोग गरी विद्यालय आउन जान एकतर्फी आधा घण्टा भन्दा कम समय लाग्ने विद्यालयहरु

**(ख) विद्यार्थी संख्याः** बालविकास बाहेक तहगत रुपमा देहायअनुसारका वास्तविक विद्यार्थी संख्या नभएका नजिकैका विद्यालयहरु

| विद्यालयको तह | १-३ | १-५ | ६-८ | ९-१० | ११-१२ |
|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | २५ | ४० | ४५ | ४० | ६० |

बालविकासमा कम्तिमा ८ जना विद्यार्थी संख्या नभएमा बालविकास सहित विद्यालय समायोजन हुनेछ र मातृविद्यालय भन्दा बाहिर अलग्गै बालविकास केन्द्र कायम राख्नुपरेमा पनि कम्तिमा विद्यार्थी संख्या ८ जना हुनुपर्नेछ।

**(ग) जनसंख्याः** राष्ट्रिय जनगणना र स्थानीय तहको तथ्याङकका आधारमा विद्यालय रहेको समुदायको घरधुरी कम भएका र जनसंख्या वृद्धीदर न्युन भएको समुदायमा आधारित विद्यालयहरु,

**(घ) विद्यालयको स्तर वृद्धी** विद्यालयको स्तर वृद्धीको लागि आवश्यक विद्यार्थी संख्या, भौतिक अवस्था, समुदायबाट पर्याप्त सहयोग प्राप्त हुन नसकी विद्यार्थी शिक्षक तथा विद्यालयवीच प्रतिस्पर्धात्मकता वातावरण सिर्जना हुन नसकेका विद्यालयहरु,

**(ङ) ठूला विद्यालय (Mega School) संञ्चालन गर्नः** समुदायमा नजिक- नजिकको दुरीमा संचालनमा रहेका र समुदायको पहल र चाहनाअनुसार ठूला विद्यालय संचालन गर्न सहमत दुई वा दुई भन्दा बढी विद्यालयहरु आपसमा समायोजन गरी पर्याप्त भौतिक पूर्वाधार, जनशक्ति र आवश्यक सिकाई वातावरण सहितको ठूला विद्यालय संचालन गर्न,

**(च) आवासीय विद्यालय संचालन गर्नः** एक तहको विद्यालयबाट अर्को तहको विद्यालयमा भर्ना भई माथिल्लो कक्षाहरुमा पढाईलाई निरन्तरता दिन उनिहरुको उमेर विद्यालय आवतजावतमा लाग्ने समय, विद्यालहरुवीचको दुरी सुरक्षा जस्ता पक्षबाट असम्भव भएका स्थानहरुका बालबालिकालाई लक्षित गरी उनिहरु सबैलाई पायक पर्ने स्थानमा छात्रवास सहितका आवासीय सार्वजनिक विद्यालय संचालन गर्न,

**(छ) नमुना विद्यालय विकासः** दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन गरी सार्वजनिक विद्यालयलाई स्थानीय समुदायको आकर्षणको केन्द्र बनाउन स्थानीय तहको निर्णय बमोजिम उत्कृष्ट विद्यालयका रुपमा नमुना विद्यालय विकास गर्न,

**(ज) विद्यालय नक्शाङकनः** नगरपालिकाले हाल संचालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको उचित व्यवस्थापनको लागि जिपिएस पद्दतीमा आधारित नक्शाङकन तयार गरी दिर्घकालीन रुपमा विद्यालयहरुको पुनःव्यवस्थापन गर्ने ।

## ६. विद्यालय समायोजन तथा एकीकरण भएको विद्यालयमा विकास गर्नुपर्ने आधारभूत पूर्वाधार सम्बन्धि व्यवस्थाः

दुई वा दुई भन्दा बढी बढी विद्यालयहरु समायोजन भई स्थापना हुन जाने विद्यालयको शैक्षिक, भौतिक ,शिक्षक संख्या तथा अन्य व्यवस्थापकीय पक्षहरुको आधारभूत पूर्वाधार विकास गर्ने प्रतिबद्वता सहितको योजना तथा वजेट व्यवस्थापनको सुनिश्चिताका लागि देहायका पूर्वाधारहरु निर्माण गर्नु पर्नेछ ।

(क) सामान्यतया ९ फिट उचाईका र घाम तथा पानीबाट बचावट हुने हावा र प्रकाशको उचित व्यवस्थापन भएको कक्षागत र विद्यार्थी संख्याका आधारमा सेक्सन खोल्नु पर्ने भए सोको लागि समेत पर्याप्त संख्यामा कक्षाकोठाको उपलब्धता हुनुपर्ने,

(ख) कक्षागत क्षेत्रफल न्यूनतम पूर्व प्राथमिक विद्यालयको हकमा प्रति विद्यार्थी ०.७५ बर्गमिटर तथा आधारभूत र माध्यमिक विद्यालयको हकमा १.०० वर्गमिटर हुनुपर्ने,

(ग) विद्यार्थी संख्याको अनुपातमा सरल तथा सहजरुमा बस्न मिल्ने फर्निचरको पर्याप्त व्यवस्था हुनुपर्ने,

(घ) शुद्ध पिउने पानी र सरसफाईको लागि पर्याप्त पानीको प्रबन्ध हुनुपर्ने,

(ङ) छात्र छात्राको लागि सहजरुपमा प्रयोग गर्न सकिने अलग अलग शौचालयको व्यवस्था गर्नुपर्ने,

(च) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामग्रीहरुको प्रबन्ध भएको हुनुपर्ने,

(छ) सम्पूर्ण विद्यारथी एकैसाथ उभिन सक्ने कम्पाउण्ड हुनुपर्ने,

(ज) अतिरिक्त क्रियाकलाप, खेलकुद लागि खेल सामग्रीको व्यवस्था गर्नु पर्ने,

(झ) विज्ञान शिक्षणका लागि अत्यावश्यक विज्ञान प्रयोगशाला उपयुक्त विज्ञान सामग्रीको व्यवस्था गर्नुपर्ने

(ञ) विद्यालयमा आवश्यक कम्प्युटर, पिन्टर, प्रोजेक्टर ईन्टरनेट सेवाको व्यवस्था गर्नु पर्ने

(ट) प्राथमिक उपचार सामग्रीको व्यवस्था भएको

(ठ) शिक्षा नियमवलीले तोके बमोजिमको विषयगत र तहगत शिक्षक दरबन्दीको व्यवस्था गर्नु पर्ने ।

# परिच्छेद -४

## कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि निकायगत भूमिकाः

७. निकायगत भूमिकाः कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सम्बद्ध निकायको देहाय बमोजिमको भूमिका हुनेछ ।

**(क) नगरपालिकाकोः**

(अ) विद्यालय समायोजन गर्ने आधारहरु समेतलाई अध्ययन गरी पालिकाभित्र समायोजन हुन सक्ने विद्यालयहरुको पहिचान गर्ने

(आ) विद्यालयको वास्तविक तथ्याङ्क तथा वस्तुस्थितिका आधारमा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम तय गरी कार्यान्वयनमा ल्याउने

(इ) स्वीकृत मापदण्ड र कार्यविधि अनुसार निर्धारित प्रक्रिया अवलम्बन गरी विद्यालय समायोजन गर्ने

(ई) समायोजन भएका विद्यालयहरुको भौतिक, शैक्षिक तथा अन्य व्यवस्थापकीय सुधारका लागि तोकिए अनुसारको अनुदान प्रदान गरी सुधारका कार्यक्रमहरु सम्पन्न गर्ने र नियमित रुपमा समायोजन पश्चातका गतिविधिहरुको अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने

(उ) समायोजन हुने विद्यालयहरुको वास्तविक तथ्याङकमा आधारित भई प्रत्येक वर्ष मन्त्रालय र प्रदेश सरकारको बार्षिक बजेट तथा कार्यक्रमसँग तादाम्यता हुने गरी विद्यालयको भौतिक तथा शैषिक सुधारका कार्यक्रम संचालन गर्न अत्यावश्यक बजेट योजना तर्जुमा गर्ने

(ऊ) विद्यालय समायोजन तथा एकीकरण हुने विद्यालयको भौतिक, शैक्षिक तथा अन्य व्यवस्थापकीय कार्यका लागि प्रोत्साहन अनुदान उपलब्ध गराउने

(ए) शिक्षा समिति र कार्यपालिकाबाट निर्णय गरी समायोजनका लागि पहिचान भएका विद्यालयहरुको समायोजन गर्ने र सोको जानकारी सम्बन्धित निकायहरुलाई गराउने

(ऐ) समायोजन भई जाने विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई प्रचलित शिक्षा ऐन नियमावलीको अधिनमा रही समायोजन हुने विद्यालयमा समायोजन गर्ने यदि तहगत र विषयगत दरबन्दी समायोजन हुने विद्यालयमा बढी हुन गएमा ती दरबन्दी पालिकाको पुल दरबन्दी मानी अपुग हुने विद्यालयमा पठाउने यसरी समायोजन गर्दा बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरु समेतलाई आवश्यकताका आधारमा अर्को विद्यालयमा मिलान गर्न सकिनेछ ।

(ओ) समायोजन भएको विद्यालयको भौतिक पक्षको व्यवस्थापन के कसरी गर्न सकिन्छ भना विकल्पहरु पहिचान गरी उपयुक्त विकल्प कार्यान्वयन गर्ने

(औ) अन्य विद्यालयमा समायोजन भएको विद्यालयको भौतिक सम्पत्ति समायोजन पछि बन्ने विद्यालयले आवश्यकता अनुसार प्रारम्भिक बालविकास सहितका प्रारम्भिक कक्षा संचालन , पुस्तकालय , प्रयोगशाला, खेलमैदान छात्रवास विद्यालयको प्रशासनिक कार्य संचालन जस्ता कार्यमा उपयोग भोगचलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सामुदायिक सिकाई केन्द्र, सामुदायिक पुस्तकालय वा अन्य सरकारी काममा उपयोग गर्न सकिनेछ । तर व्यापार व्यवसाय गरी आय आर्जन गर्ने प्रयोजनका लागि यस्ता संरचनाहरु प्रयोग गर्न पाईने छैन ।यसरी प्रयोग ल्याउनु पूर्व नगरपालिकाको अनुमति लिनु अनिवार्य हुनेछ ।

**(ख) अर्को विद्यालयमा समायोजित भई जाने विद्यालयको भूमिकाः**

(अ) समायोजित भई जाने विद्यालयले शिक्षक अभिभावक समाजसेवी तथा शिक्षाप्रेमी जनप्रतिनिधि तथा विद्यालयका बालबालिकासहितको सामुहिक भेला गरी विद्यालय समायोजनमा जानु पर्ने विषयमा छलफल तथा अन्तरक्रिया गर्ने । यस क्रममा समायोजन जानु पर्ने कारण, समायोजनका सकरात्मक पक्ष, समायोजन पश्चात

विद्यालयको अवस्था समायोजन पछि विद्यालयको भौतिक संरचनाको प्रयोग विषय समेतमा छलफल गरी समायोजनमा जाने गरी निर्णय गर्ने

(आ) सामुहिक भेलाले गरेका निर्णय समेतका आधारमा विद्यालय व्यवस्थापन समितिले गाभिन जाने विद्यालयको कारण समेत खोली समायोजनमा जाने आधिकारिक निर्णय गर्ने तर कुनै विद्यालय नगाभी नहुने वा तह घटाउनै पर्ने अवस्था छ तर विद्यालयमा त्यस्तो निर्णय हुन नसकेमा नगरकार्यपालिकाले अन्तिम निर्णय गरी टुङ्गो लगाउन सक्नेछ।

(इ) विद्यालयको सम्पूर्ण अभिलेख नगद तथा जिन्सी खाता र अन्य कागजातहरु समायोजन भएको विद्यालयलाई हस्तान्तरण गर्ने।

**(ग) समायोजन तथा एकीकरण पछि बन्ने विद्यालयको भूमिकाः**

(अ) विद्यालय समायोजन वा गाभिए पछि उक्त विद्यालयमा रहेका फर्निचर पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्रीहरुको अभिलेख गाभिएको विद्यालयमा दाखिला गर्नु पर्नेछ ।

(आ) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना फर्निचर लगायतका शैक्षिक सामग्रीको विवरण तयार गरी त्यस्ता भौतिक सामग्रीको सालाखाला न्युनत्तम मुल्य कायम गरी सम्बन्धित स्थानीय तह समक्ष जानकारी गराउनु पर्नेछ ।

(इ) विद्यालय समायोजन वा गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन व्यवसायिक खेतिपाती आदी गरिएको रहेछ भने त्यस्तो निरन्तरताको लागि गाभिएको विद्यालयले योजना सहित नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(ई) अन्य विद्यालयमा गाभिएको विद्यालयको भौतिक सम्पति गाभिएर बनेको विद्यालयले आवश्यकत्ता अनुसार प्रारम्भिक कक्षा संचालन गर्न पुस्तकालय प्रयोगशाला खेल मैदान छात्रबास विद्यालयको प्रशासनिक कार्य संचालन गर्ने

(उ) समायोजन हुने विद्यालयले शिक्षक अभिभावक समाजसेवी एबम् शिक्षाप्रेमी जनप्रतिनिधि तथा बालबालिका सहित सामुहिक भेला गरी आफ्नो विद्यालया समायोजन हुन आउने विद्यालयको विवरण सहित समायोजन प्रश्चात विद्यालयले खेल्नु पर्ने भूमिका भौतिक पक्षको अवस्था विश्लेषण र थप व्यवस्थापन लगायतका विषयमा छलफल गरी निर्णयमा पुग्ने

(ऊ) सामुहिक भेलाले गरेको निर्णयका आधारमा विद्यालय व्यवस्थापन समितिले विद्यालयमा समायोजित भई आउने विद्यालयहरुको विवरण समायोजन पश्चात गर्नु पर्ने न्युनत्तम सुधारका कार्यक्रम र त्यसको अनुमानित वजेट शिक्षकको व्यवस्थापन र त्यसका लागि आवश्यक अतिरिक्त शिक्षक आवासीय वा नमुना विद्यालयका रुपमा विकसित गर्ने उदेश्यका साथ समायोजन हुन लागेको भए सोको सम्पन्न गर्नु पर्ने अत्यावश्यक कार्यक्रम र अनुमानित वजेट सहितको योजनाका साथ विद्यालयमा समायोजन हुने सम्बन्धि आधिकारिक निर्णय गर्ने,

(ए) समायोजन भई आएका विद्यालयहरुका शिक्षक तथा विद्यार्थी अभिलेख सहितको विद्यालयको अभिलेख अद्यावधिक गर्ने र सोको जानकारी सम्बन्धित नगरपालिका र शिक्षा विकास तथा समन्वय इकाईमा पेश गर्ने

(ऐ) नगरपालिकाको निर्णय अनुसार गाभिन आउने विद्यालयबाट हस्तान्तरण भई आउने चल अचल सम्पत्तिको जिम्मा लिई एकिकृत अभिलेख तयार गर्ने

(ओ)नगरपालिकाको निर्णयको आधारमा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

## परिच्छेद- ५
## विद्यालय समायोजन पश्चातको व्यवस्थापन

<u>८. विद्यालय शिक्षक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यः</u>

(क) विद्यालय समायोजन पछि आवश्यक्ता भन्दा बढी भएका शिक्षकलाई नगरपालिकाले समायोजन भएको विद्यालयमा दरवन्दि मिलान गर्नेछ । यसरी दरवन्दि मिलान गर्दा गाभिएको विद्यालयमा विषयगत र तहगत शिक्षक संख्या विद्यार्थी अनुपातका आधारमा नपुग भएमा शिक्षक दरबन्दी संख्या बढी भएका विद्यालयबाट दरवन्दि मिलान गरि व्यवस्थापन गर्नेछ ।

(ख) उपदफा (क) बमोजिम दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापन भए पश्चात दुई वा दुई भन्दा बढी विद्यालयहरु समायोजित भएर बन्ने विद्यालयमा शिक्षक दरबन्दी संख्या प्रचलित शिक्षा नियमवली बमोजिम बढी हुन आउने शिक्षकलाई पालिकाको पुल दरबन्दी मानि शिक्षक संख्या नपुग हुने विद्यालयमा दरवन्दि मिलान गर्नेछ । यसरी दरवन्दि मिलान गर्दा देहायको आधार लिईनेछः

(अ) विद्यालयमा रहेको कूल तहगत र विषयगत शिक्षक संख्या

(आ) शिक्षक विद्यार्थी अनुपात

(इ) साप्ताहिक पाठ्यभार

(ग) गाभिन जाने विद्यालयमा रहेको बालविकास केन्द्र र सो केन्द्रमा कार्यरत सहजकर्ताको दरबन्दी समायोजित भएको विद्यालयमा मिलान गरिनेछ यदि बालविकास केन्द्र सोहि विद्यालयमा राख्नु पर्ने अवस्था रहेमा कार्यरत सहजकर्ताको दरबन्दी सोहि स्थानमा रहनेछ ।

(घ) विद्यालयमा कार्यरत कर्मचारीको हकमा आवश्यक्ताका आधारमा समायोजित हुने विद्यालय, नजिकको पायक पर्ने विद्यालय वा बालविकास केन्द्र सोहि विद्यालयमा राख्नु पर्ने अवस्थामा सोहि विद्यालयमा व्यवस्थापन गरिनेछ ।

<u>९. समायोजन भएपछि बन्ने विद्यालयको व्यवस्थापनः</u>

(क) दुई वा दुई भन्दा बढी विद्यालयहरु समायोजन भई एउटा विद्यालयमा गाभिन भएको अवस्थामा समायोजन भएपछि बन्ने विद्यालयको साविक विद्यालय व्यवस्थापन समितिले नै निरन्तर रुपमा कार्य गर्नेछ । समायोजन कै कारण समायोजन पश्चात नयाँ विद्यालय व्यवस्थापन समिति गठन हुने छैन ।

(ख) दुई वा दुई भन्दा बढी विद्यालयहरु समायोजन भई एउटै विद्यालयमा कायम हुन गएको अवस्थामा समायोजन पछि बन्ने विद्यालयको प्रधानाध्यापकले नै प्रधानाध्यापकको जिम्मेवारी निरन्तर रुपमा बहन गर्नेछ । तर विद्यालयको तह वा स्तर वृद्धी हुने गरी विद्यालय समायोजन भएको अवस्थामा कार्यरत प्रधानाध्यपकको योग्यता र कार्यअनुभव नहुने अवस्था सिर्जना भएमा प्रचलित कानुन बमोजिम प्रधानाध्यापक छनौट गरी जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

**१०. समायोजन भई बन्ने विद्यालयको नामाकरण सम्बन्धि व्यवस्थाः**

(क) विद्यालय समायोजन भएकै कारण समायोजन पछि बन्ने विद्यालयको साविकको नाममा परिवर्तन हुने छैन।

(ख) समायोजन भई बन्न जाने विद्यालयले नाम परिवर्तन गर्न चाहेमा प्रचलित कानुनी व्यवस्था अनुसार विद्यालयको नाम परिवर्तन गरिनेछ ।

## परिच्छेद- ६
## प्रोत्साहन अनुदान वितरण तथा व्यवस्थापन सम्बन्धि व्यवस्था

**११. समायोजन एवम् एकीकरण भएका विद्यालयलाई अनुदान दिने आधारहरुः**

विधि सम्मत ढंगले विद्यालय समायोजन कार्यसम्पन्न भएपश्चात दुई वा दुई भन्दा बढी विद्यालय समायोजित भई नयाँ बन्ने विद्यालयलाई नगरपालिकाले एकपटकका लागि देहाय बमोजिम प्रोत्साहन अनुदान प्रदान गर्नेछः

| क्रसं | विद्यालय | प्रोत्साहन अनुदान |
|---|---|---|
| १ | २ कोठे भवन निर्माण गर्नुपर्ने अवस्था भएमा | २५ लाख |
| २ | ३ कोठे भवन निर्माण गर्नुपर्ने अवस्था भएमा | ३० लाख |
| ३ | ४ कोठे भवन निर्माण गर्नुपर्ने अवस्था भएमा | ४० लाख |
| ४ | ५ कोठे भवन निर्माण गर्नु पर्ने अवस्था भएमा | ५० लाख |
| ५ | कक्षा कोठा तथा फर्निचर व्यवस्थापन प्रति विद्यालय | ५ लाख |
| ६ | शौचालय, खानेपानी, खेल मैदानको लागि | आवश्यकता अनुसार वजेट विनियोजन गर्नुपर्ने |
| ७ | ICT ल्याब, शैक्षिक सामग्री तथा प्रयोगशाला निर्माण | आवश्यकता अनुसार वजेट विनियोजन गर्नुपर्ने |

**१२. अनुदान खर्च गर्ने क्षेत्रहरुः** विद्यालयले दफा ११ बमोजिम प्राप्त गरेको अनुदान रकम देहाय बमोजिमको शीर्षकमा खर्च गर्न सक्नेछः

(क) भौतिक सुविधा विस्तार (भवन,शौचालय, खानेपानी, खेलमैदान निर्माण)

(ख) फर्निचर व्यवस्थापन

(ग) पुस्तकालय व्यवस्थापन

(घ) विज्ञान प्रयोगशाला तथा सूचना प्रविधि

(ङ) शैक्षिक सामग्री व्यवस्थापन

**१३. प्रोत्साहन अनुदान प्राप्त गर्ने प्रक्रियाः** समायोजन तथा एकीकरण भएका विद्यालयलाई अनुदान प्रदान गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाले निर्धारित कार्यविधि बमोजिम समायोजन तथा एकीकरण भएका विद्यालयहरुको लागि नगरसभाबाट आवश्यक वजेटको विनियोजन गर्ने

(ख) एकीकरण तथा समायोजन भई नयाँ बन्ने विद्यालयलाई कार्यक्रम खर्च प्रस्ताव सहित रकम मागको लागि नगरपालिकाले सूचना प्रकाशन गर्ने

(ग) विद्यालयले पेश गरेका प्रस्ताव उपर छलफल गरी नगरपालिकाले विद्यालयलाई रकम निकासा गर्ने र सम्झौता बमोजिम खर्च गर्न लगाउने ।

## परिच्छेद- ७ विविध

**१४. अनुगमन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः** (१) नगरकार्यपालिकाबाट अनुगमन समिति बनाई समायोजन गरेका विद्यालयको नियमित अनुगमन गर्ने र सोको प्रतिवेदन सम्बन्धित मन्त्रालय तथा निकायमा पेश गर्नु पर्नेछ ।

**१५. लेखापरीक्षणः** (क) समायोजन भएको विद्यालयले प्राप्त गरेको अनुदान रकमको उपयोग र सो बाट प्राप्त प्रतिफलको लेखापरीक्षण गर्ने दायित्व विद्यालयको हुनेछ ।

(ख) उपदफा (क) बमोजिम गरेको लेखापरीक्षण कार्यको प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ ।

**१६. कार्यविधि संशोधनः** यो कार्यविधिमा कार्यान्वयनको क्रममा कुनै द्विविधा देखिएमा वा कार्यविधिमा उल्लेखित विषयवस्तु अस्पष्ट भएमा नगरकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**१७. बाझिएमा अमान्य हुनेः** यस कार्यविधिको कुनै पनि व्यवस्था प्रचलित कानुन सँग बाझिएमा वा बाझिएको हदसम्म यो कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

आज्ञेले,
गोकर्ण पन्थी
प्रमुख प्रशासकीय अधिकृत